# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको त्रैमासिक प्रकाशन

वर्ष १३, अङ्क १

(२०८० पुस १६ गतेदेखि २०८० चैत १८ गतेसम्म)


## कोशी प्रदेसको

# मानव अधिकार अवस्था विश्लेषण

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) कोशी प्रदेश कार्यालय विराटनगरले प्रदेशको मानव अधिकार अवस्थाको स्थितिका बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिक रूपमा स्थितिसूचक प्रकाशन गर्दै आएको छ। कोशी प्रदेशका १४ ओटै जिल्लाका इन्सेक जिल्ला प्रतिनिधिहरूबाट सङ्कलन गरिएका घटनाहरूको आधारमा सन् २०२४ को जनवरी १ देखि मार्च ३१ सम्म अर्थात् ०८० पुस १६ गतेदेखि चैत १८ गते सम्मका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको तथ्याङ्कसहित त्रैमासिक अवस्थाको विश्लेषण गरी यो स्थितिसूचक प्रकाशन गरिएको छ।

तीन महिना (जनवरी-मार्च २०२४) को अवधिमा कोशी प्रदेशमा राज्यबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा कारागारमा दुई जनाको मृत्यु, एक जनामाथि कुटपिट, दुई जनालाई गिरफ्तार र एक जना घाइते भएको घटना इन्सेकमा अभिलेख भए। अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा २ सय २२ जना पीडित भए। कोशी प्रदेशमा तीन महिनाको अवधिमा राज्यपक्ष र अन्यपक्षबाट गरी २ सय २८ जना पीडित भएको इन्सेकमा अभिलेख भयो ।

०७९ फागुन १७ गते कोशी प्रदेश नामाकरणपछि पहिचान पक्षधरद्वारा समयसमयमा गरिने आन्दोलनका कारण अशान्त रहेको प्रदेशमा ०८० माघ २६ गते कोशी प्रदेश सरकार र प्रदेश नं. १ पुनः नामाङ्कन संयुक्त सङ्घर्षसमितिबिच भएको पाँच बुँदे सहमतिपछि पहिचानका नाममा आन्दोलन नहुँदा नागरिकले स्वतन्त्रता महसुस गरेका छन्।

तीन महिनामा राज्यपक्षबाट गिरफ्तारीका दुई, कारागारमा मृत्यु दुई, घाइते एक र कुटपिट एक घटना भएका छन्। अन्य पक्षबाट भएका अपहरण घटनामा दुई जना, कुटपिटका घटनामा १३ जना, बाल अधिकारका घटनामा ५९ जना, अमानवीय व्यवहार घटनामा तीन जना, घाइते दुई जना, हत्याका घटनामा २० जना, महिला अधिकारका घटनामा १ सय २२ जना, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका घटनामा एक भौतिक संरचनाको क्षतिको एउटा घटना भयो। इन्सेक अभिलेखका आधारमा कोशी प्रदेशमा अन्य पक्षबाट तीन महिनाको अवधिमा बाल अधिकारका घटनामा ५९ जना बालबालिका पीडित भए। जसमा बलात्कारका घटनामा ४३ जना, यौन दुर्व्यवहारका घटनामा १४ जना र हत्याका घटनामा दुई जना पीडित

भए। महिला अधिकारका घटनामा १ सय २२ जना पीडित भएको इन्सेक अभिलेखमा छ। जसमा कुटपिट घटनामा एक जना, बोक्सीको आरोपमा एक जना, बलात्कारका घटनामा ३५ जना, बलात्कार प्रयास घटनामा आठ जना र घरेलु हिंसाका घटनामा ७४ जना महिला पीडित भएका छन्।

कोशी प्रदेशमा महिला र बालबालिकामाथिका शृङ्खलाबद्ध यौनजन्य घटनाले कोशी प्रदेशमा मानव अधिकार सुधार भन्दा कमजोर हुँदै गएको भन्न सकिने अवस्था सिर्जना भएको छ। महिला र बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि राज्यले पक्ष राष्ट्रका रूपमा गरेका अन्तर्राष्ट्रिय सन्धी सम्झौताको कार्यान्वयनको सवालमा प्रश्न खडा हुने अवस्था छ।

यस तथ्याङ्कबाट अझै पनि राज्यले यस विषयलाई गम्भीरतापूर्वक आत्मसात गरी आरोपितलाई कारबाही गर्ने र पीडितलाई न्याय तथा क्षतिपूर्ति दिने विषयमा ठोस र प्रभावकारी भूमिका निर्वाह गर्न आवश्यक छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसहित संविधान प्रदत्त मौलिक हकको कार्यान्वय अझै पनि चुनौतीपूर्ण रहेको देखिन्छ। मानव अधिकारको संरक्षण एवम् सम्वर्द्धन गर्ने मुख्य दायित्व राज्यको हो। मानव अधिकारका सम्वन्धमा राज्यको महत्वपूर्ण दायित्व रहेको हुँदा यस विषयमा राज्य सम्वेदनशील हुनु पर्दछ। अत: इन्सेकले अभिलेखीकरण गरेका तथ्याङ्कहरूलाई दृष्टिगत गरी मानव अधिकार संरक्षण र सम्वर्द्धनका निम्ति राज्यले ठोस, प्रभावकारी र हस्तक्षेपकारी नीति तथा कार्यक्रमहरू अवलम्वन गर्न जरूरी छ। यस दिशमा सबै सरोकारवालाहरूले ध्यान दिन आवश्यक छ।

**सोमराज थापा**
संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
### (जनवरी-मार्च २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| गिरफ्तारी | | २ | २ | | | | २ |
| घाइते | | १ | १ | | २ | २ | ३ |
| कुटपिट | | १ | १ | ४ | ९ | १३ | १४ |
| बाल अधिकार | | | | ५९ | | ५९ | ५९ |
| अमानवीय व्यवहार | | | | | ३ | ३ | ३ |
| हत्या | | | | ८ | १२ | २० | २० |
| अपहरण | | | | | २ | २ | २ |
| महिला अधिकार | | | | १२२ | | १२२ | १२२ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | | १ | १ |
| कारागारमा मृत्यु | | २ | २ | | | | २ |
| जम्मा | | ६ | ६ | १९३ | २८ | २२२ | २२८ |

# कोशी प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० पुस १६ गतेदेखि चैत १८ गतेसम्म)

**नागरिक तथा राजनीतिक अधिकार**

**सम्मानित रूपले बाँच्न पाउने अधिकार**

**अन्यपक्षबाट**

**हत्या**

**मोरङ**

सिरहाको फुल्काहकट्टी स्थायी घर भइ विराटनगर महानगरपालिका-४ मा डेरा गरी बस्दै आएकी २५ वर्षीया स्टाफ नर्स चन्द्रिकाकुमारी दासको उनका प्रेमी भनिएका २२ वर्षीय शिवशंकर दासले ०८० चैत १ गते धारिलो हतियार प्रहार गरी हत्या गरेको प्रहरीले जनायो। चन्द्रिकाको हत्या आरोप लागेर फरार भएका शिवशंकरले विराटनगर महानगरपालिका-४ स्थित होटल फाइनमा चैत ४ गते झुण्डिएर आत्महत्या गरेको प्रहरीले जनायो। प्रेमिकाको हत्या आरोप लागेर फरार भएका शिवशंकरले पनि आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रञ्जन दाहालले बताए। हत्या गरिएकी दासको विराटनगरस्थित कोशी अस्पतालमा चैत २ गते पोष्टमार्टम गरी चैत ३ गते पीडित परिवारलाई जिम्मा दिएको प्रहरीले जनायो। हाल घटना अनुसन्धानमा छ।

**सुनसरी**

धरान उपमहानगरपालिका-१८ की १८ वर्षीया सुमिना श्रेष्ठको ०८० चैत ७ गते खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले उनका प्रेमी धरान उपमहानगरपालिका-१६ का १९ वर्षीय सविन भनिने बाबुराम भुजेललाई चैत ९ गते गिरफ्तार गर्‍यो। प्रेम सम्बन्धमा खटपटपछि आरोपितले धरान उपमहानगरपालिका-१८ स्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान घोपा र डिपोट स्कुलबीच रहेको एकान्तमा खोल्सामा खुकुरी प्रहार गरी हत्या गरेको बयान दिएको प्रहरीले जनायो। शवको पोष्टमार्टम वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा चैत ९ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी स्थानीय सर्दु खोलामा सद्गत गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १६ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश शम्भु गौतमको चैत १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**सङ्खुवासभा**

खाँदवारी नगरपालिका-९ तुम्लिङटारकी ६२ वर्षीया ज्येष्ठ नागरिक दिलकुमारी घिमिरेको ०८० माघ ६ गते हत्या गरेको आरोपमा मृतकका जेठा छोरा सुभाष घिमिरले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। हत्या गरेको आरोपमा प्रहरीले सुनसरी जिल्ला, धरान उपमहानगरपालिका-१३ जिरोपोइन्टका ३० वर्षीय दीपेन भनिने आकाश राईलाई माघ ११ गते गिरफ्तार गर्‍यो। पीडितलाई आरोपितले ०८० माघ ६ गते बञ्चरो प्रहार गरी हत्या गरेको प्रारम्भिक अनुसन्धानका क्रममा खुलेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर अशोककुमार जबेगुले बताए। ज्यामी काम गर्दै आएका आरोपितलाई धरान उपमहानगरपालिका-२ देशीलाइनस्थित एक गेष्टहाउसबाट माघ ११ गते गिरफ्तार गरेको प्रहरीले जनायो। आमाको शङ्कास्पद मृत्यु भएको भन्दै जेठा छोरा सुभाष घिमिरेले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। पीडित पक्षको उजुरीका आधारमा अनुसन्धानका क्रममा वृद्धाको हत्या भएको इन्स्पेक्टर अशोककुमार जबेगुले बताए। हत्याको कारण खुल्न बाँकी रहेको प्रहरीले जनायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा माघ ७ गते भयो। पीडित पक्षले शव बुझी माघ ७ गते खाँदवारी नगरपालिका-९ सतिघाटमा सद्गत गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ ११ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश फागुन ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## कारागारमा मृत्यु

### सङ्खुवासभा

जिल्ला कारागार कार्यालय, खाँदवारीमा वरिष्ठ प्रहरी हवल्दार पदमा कार्यरत खाँदवारी नगरपालिका-१ का ४१ वर्षीय डीकबहादुर तामा  को ०८० पुस १६ गते शङ्कास्पद मृत्यु भएको पीडित पक्षले जनायो। जिल्ला प्रहरी कार्यालयका डिएसपी घनश्याम श्रेष्ठले डिकबहादुर बिरामी अवस्थामा भेटिएको भनी बिहान ४ बजे कारागार कार्यालयबाट फोन आएको र आफूले अस्पतालमा भर्ना गर्न निर्देशन दिएर आफू तत्काल अस्पताल पुगेको बताए। अस्पताल प्रशासनले भने बिहान ४ बजे डीकबहादुर अस्पताल ल्याउँदा उपचार अघि नै मृत्यु भएको जनायो। शवको पुस १७ वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पोष्टमार्टम भयो। मृत्यु शङ्कास्पद भएको भन्दै मृतकका परिवारले जिल्ला अस्पतालमा पोष्टमार्टम गर्न नमानेपछि १६ गतेनै धरान लागिएको थियो। शव पुस १८ गते खाँदबारी नगरपालिका १ स्थित नर्सरी घाटमा सद्‌गत गरियो। चैत १८ गतेसम्म पीडित पक्षले कहीँकतै उजुरी गरेनन्।

### सुनसरी

खोटाङ जिल्ला साकेला गाउँपालिका स्थायी घर भई सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका-४ मा बस्दै आएका ४२ वर्षीय न्यायधीश राईको ०८० चैत १७ गते रामधुनी नगरपालिका-७ स्थित झुम्का कारागारमा मृत्यु भयो। पत्नी हत्या कसुरमा कारागारमा कैद भुक्तान गरिरहेका राईको उपचारका क्रममा चैत १७ गते बिहान ३ बजे जिल्ला अस्पतालमा मृत्यु भएको जेलर ध्रुवराज कोइरालाले बताए। जिल्ला अस्पतालकी प्रमुख डाक्टर श्रेया प  ेनीले न्यायधीश राईलाई उपचार गर्न जिल्ला अस्पताल ल्याउनु अघि नै मृत्यु भएको बताइन। मृतकका दाजु सुवास राई र भाउजु उर्मिला राईले शरीरभरी निलडाम देखिएको, शरीरका विभिन्न भागमा चोट देखिएकाले हत्या भएको दावी गरे। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा चैत १७ गते भयो। चैत १८ गते पीडित परिवारले शव बुझी इटहरी उपमहानगरपालिका-४ स्थित परोपकार स्वर्गद्वारी घाटमा सद्‌गत गऱ्यो। घटना अनुसन्धान गर्ने र दोषी पाइए कारबाही गर्ने सहमतिपछि शव बुझेको मृतकका दाजु सुवास राईले बताए। चैत १८ गतेसम्म छानविन प्रतिवेदन सार्वजनिक भएन।

## कुटपिट

### झापा

मेचीनगर नगरपालिका-७ गैरीगाउँमा सशस्त्र प्रहरी र स्थानीयबिच  ०८० फागुन १८ गते सामान तस्करीको आरोपमा भएको झडपमा पाँच जना सर्वसाधारण र एक जना सशस्त्र प्रहरी घाइते भए। भारतीय सीमावर्ती बजार पानीट्यांकीबाट नेपाल सामान लिएर आउने स्थानीय र सशस्त्र प्रहरीबिच झडप भएको जिल्ला प्रहरी कार्यालयका एसपी मिलन केसीले बताए। झडपमा मेचीनगर नगरपालिका-७ की २२ वर्षीया दीपा बातर, २२ वर्षीय आनन्द यादव, १८ वर्षीय मिलन चापागाईं, १७ वर्षीय विशेष सिंह, ४५ वर्षीय हरि बातर र एक जना शसस्त्र प्रहरी घाइते भएको इलाका प्रहरी कार्यालय, काँकरभिट्टाका डिएसपी दीपक भारतीले बताए। सामानको विषयमा विवाद हुँदा सशस्त्र प्रहरीका कोट मास्टर र सवारी चालकले खुकुरी चलाउँदा पाँच जना स्थानीय र एक जना सशस्त्र प्रहरी घाइते भएको इलाका प्रहरी कार्यालय, काँकरभिट्टाले जनायो। घाइते सबैको फागुन १७ गते वि एण्ड सी अस्पताल, विर्तामोडमा उपचार भयो। घाइते सबैको उपचार मेचीनगर नगरपालिकाले गर्ने भनेपनि यो महिनाको अन्त्यसम्म उपचार खर्च नगरपालिकाले नदिएको घाइते दीपा बातरले बताइन्। घाइते सशस्त्र प्रहरीको नाम ठेगाना सशस्त्र र नेपाल प्रहरीले खुलाउन चाहेन। हाल घटना अनुसन्धानमा छ।

### सुनसरी

धरान उपमहानगरपालिका-१८ स्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान (घोपा) का कायममुकायम उपकुलपति प्राध्यापक डाक्टर प्रह्लाद कार्कीलाई ०८० माघ १६ गते मोसो दल्ने प्रयास गरेको आरोपमा प्रहरीले सोही ठाउँका २३ वर्षीय सदीप सिर्पाली, २४ वर्षीय निशान कटवाल र २८ वर्षीय खेम थापा गिरफ्तार गऱ्यो। वीपी प्रतिष्ठानको समस्या समाधान गर्न चासो नदिएका कारण मोसो दल्ने प्रयास भएको मोहन वैद्य किरण नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल निकट क्रान्तिकारी युवा स  ठनका तीन जनालाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी नविनकृष्ण भण्डारीले बताए। उपकुलपतिको कार्यकक्षमा भेट्न गएका युवाले मोसो दल्ने प्रयास भएको प्रहरीले जनायो। डिएसपी नविनकृष्ण भण्डारीले माघ १६ गते उपकुलपति कार्कीले भेट्न बोलाएका तीनमध्ये एक जनाले बोतलमा भरेर लगेको मोविल छ्याप्ने प्रयास गरेको बताए। चैत १८ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

**सोलुखुम्बु**

थुलुङदूधकोशी गाउँपालिका-४ का २८ वर्षीय पत्रकार तथा दूधकोशी खबर सोलुखुम्बुका सञ्चालक रमन वनमाथि ०८० माघ २७ गते कुटपिट गरेको आरोपमा पीडितले सोलुदुधकुण्ड नगरपालिका-५ का २८ वर्षीय राम तामाङ, सोही वडाका २६ वर्षीय सोनाम शेर्पा, २७ वर्षीय म    ल तामाङ, २८ वर्षीय लक्ष्मण तामाङ र ३२ वर्षीय सुब्बा तामाङविरुद्ध माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित पत्रकारको उजुरीपछि आरोपित सबै जनालाई प्रहरीले माघ २९ गते सल्लेरीबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर अनिल मिश्रले बताए। प्रहरीले आरोपितविरुद्ध जिल्ला प्रशासन कार्यालयमा फागुन ४ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीको आदेशले चैत ७ गते जनही ७ हजार रुपियाँ धरौटी र पीडित पत्रकारको उपचार खर्च १६ हजार भराउने निर्णय गऱ्यो। आरोपित धरौटी र उपचार खर्च बुझाएर रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा छ। ०८० माघ २७ गते ल्होसार मनाउने क्रममा आरोपितहरू एक होटलमा बसेर पाटी खाएको झगडा गरेको भिडियो पत्रकार वनले दूधकोशी खबरबाट प्रसारण गरेका थिए। सोही विषयलाई लिएर आरोपितहरूले माघ २७ गते पत्रकारको कोठामा पुगेर कुटपिट गरेको पीडित पत्रकारले बताए। माघ २८ गते नेपाल पत्रकार महासङ्घ, सोलुखुम्बु शाखाका सचिव डीबी खालि    ले विज्ञप्ति जारी गरी घटनाको विरोध गरे। कुटपिटबाट घाइते पत्रकारको उपचार माघ २९ गते जिल्ला अस्पतालमा भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## गिरफ्तारी

**मोरङ**

इलाम जिल्ला, माङसेबुङ गाउँपालिका-१ गजुरमुखी स्थायी घर भई काठमाडौं भिमसेनगोला डेरा गरी बस्ने ३८ वर्षीय प्रविण मिश्र र पाँचथर जिल्ला च्याङथापु-१ स्थायी ठेगाना भई हाल याङवरक गाउँपालिका-१ बस्ने ३० वर्षीय वीपिन अधिकारीलाई प्रहरीले सर्वसाधारणसँग चन्दा असुली र विष्फोटक पदार्थ राखेर आतङ्कित पारेको आरोपमा ०८० फागुन १ गते विराटनगर महानगरपालिका-४ बाट गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेकाहरू नेकपा माओवादी (महावीर) समूहका कार्यकर्ता रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रञ्जनकुमार दाहालले बताए। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन २७ गते विष्फोट पदार्थ ओसारपसार तथा सङ्गठित अपराध शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको फागुन २९ गतेको इजलासले आरोपितहरूसँग जनही १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपितहरू अदालतको तोकेको धरौटी रकम फागुन २९ गते बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार ओम सुवेदीले बताए। पीडितहरूको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा फागुन १ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## दुर्व्यवहार

**मोरङ**

विराटनगर महानगरपालिका-३ स्थित नर्सिङ क्याम्पसमा बीएनएस र बीएस्सी नर्सिङमा अध्ययनरत तीन जना छात्रालाई होस्टलको कोठाभित्र ०८० फागुन ३० गते हातपात गरी दुर्व्यवहार गरेको आरोपमा प्रहरीले विराटनगर महानगरपालिका-८ मधुमारास्थित मुनलाइट गर्ल्स होस्टलकी सञ्चालक ३७ वर्षीया मधु रेग्मीलाई फागुन ३० गते गिरफ्तार गऱ्यो। शुल्क विवादका क्रममा होस्टलकी सञ्चालक रेग्मीले छात्राहरूलाई दुर्व्यवहार गरेको प्रहरीले जनायो। विराटनगर नर्सिङ क्याम्पसमा पहिलो वर्षमा भर्ना भएका जुम्ला, पाल्पा र कञ्चनपुर स्थायी घर भएका छात्रालाई रेग्मीले फागुन महिनाको होस्टेलमा बसेको फि लिएर चैत महिनाको समेत फि माग गर्दै दुर्व्यवहार गरेको पीडितले बताए। आरोपितविरुद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा चैत ६ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। सहायक प्रमुख जिल्ला अधिकारी प्रदीप शाहको चैत ६ गतेको आदेशले ४१ हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित चैत ६ गते धरौटी बुझाएर रिहा भएको प्रदीप शाहले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## बाल अधिकार

### हत्या

**झापा**

दमक नगरपालिका-३ का ११ वर्षीय बालक एरिट ओलीको ०८० माघ २९ गते आपसी विवादका क्रममा कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले दमक नगरपालिका-३ का ५० वर्षीय पञ्चवीर घिसिङविरुद्ध फागुन ३ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ३ गते घरबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम फागुन ३ गते मेची प्रादेशिक भद्रपुरमा भयो। परिवारजनले शव बुझी पाँचथर याङवरक गाउँपालिका-६ मा सामाजिक परम्परा अनुसार दाहसंस्कार गरे। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत २० गते

कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ईश्वरमणि ओझाको चैत २१ गतेको आदेशले पुर्पक्षका लागि थुनामा पठायो । हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**मोरङ**

खोटाङको ऐसेलुखर्क गाउँपालिका-६ स्थायी घर भई पथरीशनिश्चरे नगरपालिका-७ लामाटोल बस्दै आएकी १५ वर्षीया बालिका ज्ञानुमती राईको ०८० फागुन २१ गते राति हत्या गरेको आरोपमा पीडित पक्षले मोरङ ग्रामथान गाउँपालिका-४ का ३८ वर्षीय धीरेन चौधरीविरुद्ध फागुन २२ गते इलाका प्रहरी कार्यालय, पथरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २२ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १४ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश कोइरालाको चैत १५ गतेको इजलासले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। शवको पोष्टमार्टम कोशी अस्पतालमा फागुन २२ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी पथरीशनिश्चरे नगरपालिका-२ स्थित घाटमा अन्तिम संस्कार गऱ्यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## बलात्कार, यौनदुर्व्यवहार

**ओखलढुङ्गा**

१३ वर्षीया बालिकालाई ०८० फागुन १३ गते बलात्कार गरेको आरोपमा खिजिदेम्बा गाउँपालिका-८ का ६२ वर्षीय देण्डु शेर्पाविरुद्ध पीडित पक्षले फागुन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १८ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको चैत १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**खोटाङ**

१३ वर्षीया बालिकालाई ०८० पुस २२ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले बहारपोखरी गाउँपालिका-२ का २२ वर्षीय सन्तोष मगरविरुद्ध माघ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १२ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २३ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। चैत १८ गतेसम्म मुद्दामा कुनै आदेश भएन। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १२ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

११ वर्षीया बालिकालाई ०८० माघ ५ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१० का १६ वर्षीय बालकविरुद्ध माघ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ६ गते घरबाटै गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ ६ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका कायममुकायम न्यायाधीश तथा श्रेस्तेदार सीताराम खड्काको माघ ६ गतेको आदेशले आरोपित बालकलाई बाल सुधारगृह भक्तपुर पठाउन आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ६ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**धनकुटा**

१४ वर्षीया बालिकालाई ०८० माघ ९ गते बलात्कार गरेको आरोपमा साँगुरीगढी गाउँपालिका-८ खुँडीका ४४ वर्षीय अनके होरोहाङविरुद्ध पीडित पक्षले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १० गते साँगुरीगढी गाउँपालिका-८ गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पराजुलीको फागुन ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ९ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**पाँचथर**

१२ वर्षीया बालिकालाई ०८० फागुन २६ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले कुम्मायक गाउँपालिका-१ का २७ वर्षीय कमल थापाविरुद्ध फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २६ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको चैत १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो पीडितको स्वास्थ्य परीक्षण जिल्ला

अस्पतालमा फागुन २६ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**झापा**

१७ वर्षीया बालिकालाई ०७९ पुस १९ गते बलात्कार गरेको आरोपमा सप्तरी जिल्ला राजविराज नगरपालिका-७ घर भई दमक नगरपालिका-२ का १९ वर्षीय रमेश चौधरीविरुद्ध पीडित पक्षले पुस २० गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २० घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २१ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा पुस २६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भीमबहादुर निरौलाको पुस २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको श्रेस्तेदार किरणकुमार सिंहले बताए।

१४ वर्षीया बालिकालाई ०८० पुस १७ गते बलात्कार गरेको आरोपमा मेचीनगर नगरपालिका-९ का २८ वर्षीय भूपाल विश्वकर्माविरुद्ध पीडित पक्षले पुस १९ गते इलाका प्रहरी कार्यालय, धुलाबारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस १९ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको माघ १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको श्रेस्तेदार किरणकुमार सिंहले बताए।

आठ वर्षीया बालिकालाई ०८० पुस १७ गते यौन दुर्व्यवहार गरेको आरोपमा बुद्धशान्ति गाउँपालिका-१ का ३९ वर्षीय सुमन लिम्बूविरुद्ध पीडित पक्षले पुस २० गते इलाका प्रहरी कार्यालय, धुलाबारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २० घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २० गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा माघ ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको माघ १२ गतेको आदेशले आरोपितसँग १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपितले माघ १२ गते धरौटी बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए। हाल मुद्दा

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी-मार्च २०२४)**

| | |
|---|---|
| हत्या | ३ |
| बलात्कार | ४३ |
| यौन दुर्व्यवहार | १४ |
| **जम्मा** | **५९** |

कानुनी प्रक्रियामा छ।

११ वर्षीया बालिकालाई ०८० पुस १९ गते यौन दुर्व्यवहार गरेको आरोपमा १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले पुस २२ गते जिल्ला प्रहरी कार्यालय झापामा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २२ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ ८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश अशोककुमार बस्नेतको माघ ९ गतेको आदेशले आरोपितलाई अभिभावकको जिम्मा लगायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए।

१४ वर्षीया बालिकालाई ०८० पुस १८ गते यौन दुर्व्यवहार गरेको आरोपमा मेचीनगर नगरपालिका-७ का २३ वर्षीय उत्तम राईविरुद्ध पीडित पक्षले पुस १९ गते इलाका प्रहरी कार्यालय, धुलाबारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस १९ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा माघ ५ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको माघ ७ गतेको आदेशले आरोपितसँग १ लाख रुपियाँ धरौटी माग

गऱ्यो। आरोपित माघ ७ गते धरौटी बुझाएर रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको श्रेस्तेदार किरणकुमार सिंहले बताए।

१३ वर्षीया बालिकालाई ०८० पुस १९ गते यौन दुर्व्यवहार गरेको आरोपमा मेचीनगर नगरपालिका-२का ४८ वर्षीय लीलाबहादुर थापाविरुद्ध पीडित पक्षले पुस १९ गते इलाका प्रहरी कार्यालय, काँकरभिट्टामा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस १९ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा माघ १० गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नतेको माघ ११ गतेको आदेशले २ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपितले माघ ११ गते धरौटीमा बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए।

१६ वर्षीया बालिकालाई ०८० माघ १६ गते बलात्कार गरेको आरोपमा ४२ वर्षीय बाबुविरुद्ध पीडित पक्षले माघ १६ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १६ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १६ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा फागुन ८ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको फागुन ९ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए।

१५ वर्षीया बालिकालाई ०८० माघ १३ गते बलात्कार गरेको आरोपमा मोर उर्लाबारी नगरपालिका-८ का १९ वर्षीय आयुष धिमालविरुद्ध पीडित पक्षले माघ ९ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १५ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १५ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा फागुन ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको फागुन ९ गतेको आदेशले आरोपितसँग १ लाख रुपियाँ धरौटी माग गऱ्यो। फागुन ९ गते आरोपित धरौटी बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८० माघ २० गते बलात्कार गरेको आरोपमा भारत बलिया स्थायी घर भई मेचीनगर नगरपालिका-९ का ५० वर्षीय अजयकुमार गुप्ताविरुद्ध पीडित पक्षले माघ २१ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २१ डेराबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २१ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा फागुन ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारी फागुन १३ गतेको आदेशले पुर्पक्षका लागि थुनामा पठायो । हाल मुद्दा कानुनी प्रक्रियामा रहेको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए।

१६ वर्षीया बालिकालाई ०८० माघ १७ गते बलात्कार गरेको आरोपमा पाँचथर जिल्ला, फाल्गुनन्द गाउँपालिका-३ का ३९ वर्षीय विन्द्रकुमार तामा विरुद्ध पीडित पक्षले माघ २२ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २२ गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा फागुन १७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ईश्वरमणि ओझाको फागुन २० गतेको आदेशले पुर्पक्षका लागि थुनामा पठायो । हाल मुद्दा कानुनी प्रक्रियामा रहेको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए।

१६ वर्षीया बालिकालाई ०८० माघ २० गते यौन दुर्व्यवहार गरेको आरोपमा गौरीगञ्ज गाउँपालिका-१ का २८ वर्षीय रमेश कोचविरुद्ध पीडित पक्षले माघ २२ गते इलाका प्रहरी कार्यालय, झिलझिलेमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २२ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा फागु १५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको फागुन १६ गतेको आदेशले १ लाख २५ हजार रुपियाँ धरौटी माग गऱ्यो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको श्रेस्तेदार किरणकुमार सिंहले बताए।

१३ वर्षीया बालिकालाई ०८० माघ ८ गते यौन दुर्व्यवहार गरेको आरोपमा विर्तामोड नगरपालिका-१ का २७ वर्षीय सुरज आचार्यविरुद्ध पीडित पक्षले माघ १० गते इलाका प्रहरी कार्यालय अनारमानीमा उजुरी दियो।

प्रहरीले आरोपितलाई माघ ११ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १० गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा फागुन १० गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको फागुन १३ गतेको इजलासले आरोपितसँग ९८ हजार रुपियाँ धरौटी माग गऱ्यो। फागुन १३ गते आरोपित धरौटी बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०८० माघ ११ गते यौन दुर्व्यवहार गरेको आरोपमा ४१ वर्षीय बाबुविरुद्ध पीडित पक्षले माघ १४ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १५ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १४ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा फागुन ८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको फागुन १३ गतेको इजलासले आरोपितसँग २ लाख रुपियाँ धरौटी माग गऱ्यो। फागुन १३ गते आरोपित धरौटी बुझाएर रिहा भएको श्रेस्तेदार किरणकुमार सिंहले। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८० पुस २९ गते यौन दुर्व्यवहार गरेको आरोपमा भारत दिनापुर ४० वर्षीय गणेश सरकारविरुद्ध पीडित पक्षले माघ २ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा फागुन २३ गते यौन दुर्व्यवहार मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अशोककुमार बस्नेतको फागुन २४ गतेको आदेशले आरोपितसँग १ लाख रुपियाँ धरौटी माग गऱ्यो। फागुन २४ गते आरोपित धरौटी बुझाएर रिहा भए। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको जिल्ला अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए।

१७ वर्षीया बालिकालाई ०८० फागुन ७ गते बलात्कार गरेको आरोपमा कमल गाउँपालिका-१ का २२ वर्षीय रवीन्द्र शाहविरुद्ध पीडित पक्षले फागुन २९ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ३० गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २९ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा चैत २० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उषा श्रेष्ठको चैत २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको श्रेस्तेदार किरणकुमार सिंहले बताए।

१५ वर्षीया बालिकालाई ०८० फागुन ११ गते बलात्कार गरेको आरोपमा शिवसताक्षी नगरपालिका-९ का १९ वर्षीय आमुस टुडुविरुद्ध पीडित पक्षले फागुन २२ गते इलाका प्रहरी कार्यालय, झिलझिलेमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा चैत १८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नगेन्द्रकेशरी पोखरेलको चैत २० गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८० फागुन १७ गते यौन दुर्व्यवहार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन २२ गते इलाका प्रहरी कार्यालय, झिलझिलेमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा चैत १९ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद पौडेलको चैत २० गतेको आदेश १ लाख रुपियाँ धरौटी माग गऱ्यो। चैत २० गते आरोपित धरौटी बुझाएर रिहा भएको श्रेस्तेदार किरणकुमार सिंहले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१० वर्षीया बालिकालाई ०८० फागुन १३ गते यौन दुर्व्यवहार गरेको आरोपमा विर्तामोड नगरपालिका-८ का ६२ वर्षीय केशर मियाविरुद्ध पीडित पक्षले फागुन १६ गते इलाका प्रहरी कार्यालय, अनारमानीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १६ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा चैत १ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उषा श्रेष्ठको चैत २ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**मोरङ**

दश वर्षीया बालिकालाई ०८० पुस १७ गते बलात्कार गरेको आरोपमा सुन्दरहरैंचा नगरपालिका-१० का ५५ वर्षीय पदम मगरविरुद्ध पीडित पक्षले पुस १८ गते इलाका प्रहरी कार्यालय, वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १८ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पारसमणि पोखरेलको माघ १२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा पुस १९ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८० पुस १८ गते बलात्कार गरेको आरोपमा सुन्दरहरैंचा नगरपालिका-९ का २४ वर्षीय श्याम बर्देवाविरुद्ध पीडित पक्षले पुस २३ गते इलाका प्रहरी कार्यालय, वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २३ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ १७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको माघ १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा पुस २४ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८० माघ १ गते बलात्कार गरेको आरोपमा सुन्दरहरैंचा -६ तेजुटोलका २४ वर्षीय संयोग चौधरीविरुद्ध पीडित पक्षले माघ ३ गते इलाका प्रहरी कार्यालय, वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ३ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ध्रुवराज खनालको माघ २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा माघ ३ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०८० माघ १४ गते यौन दुर्व्यवहार गरेको विराटनगर महानगरपालिका-६ अनामनगर टोलका २३ वर्षीय मो बब्लु भनिने बब्लु कुरैसीविरुद्ध पीडित पक्षले माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १४ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २९ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत न्यायाधीश ध्रुवराज कार्कीको माघ २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा माघ १४ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८० माघ ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले सुन्दरहरैचा नगरपालिका-११ शुक्रबारे टोलका ४६ वर्षीय दीपककुमार श्रेष्ठविरुद्ध माघ २६ गते इलाका प्रहरी कार्यालय, वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २६ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १४ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको फागुन १५ गतेको आदेशले आरोपितसँग १ लाख १० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित फागुन १५ गते धरौटी बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार ओम सुवेदीले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा माघ २६ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८० माघ १७ गते यौन दुर्व्यवहार गरेको आरोपमा सुन्दरहरैंचा नगरपालिका-१२ शुक्रबारे टोलका ४६ वर्षीय दीपककुमार श्रेष्ठविरुद्ध पीडित पक्षले माघ २६ गते इलाका प्रहरी कार्यालय, वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २६ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको फागुन १५ गतेको आदेशले १ लाख रुपियाँ धरौटी माग गऱ्यो। आरोपित फागुन १५ गते धरौटी बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार ओम सुवेदीले बताए। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा माघ २६ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८० फागुन ४ गते बलात्कार गरेको आरोपमा उर्लाबारी नगरपालिका-५ मिलनचोकका ४१ वर्षीय रविन गुरुङविरुद्ध पीडित पक्षले फागुन ५ गते इलाका प्रहरी कार्यालय, उर्लावारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ५ गते उर्लाबारी नगरपालिका-३ बाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको

चैत २ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा फागुन ५ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१० वर्षीया बालिकालाई ०८० फागुन ८ गते बलात्कार गरेको आरोपमा रतुवामाई नगरपालिका-५ कसेनी टोलका १९ वर्षीय शिशिर पराजुलीविरुद्ध पीडित पक्षले फागुन ८ गते इलाका प्रहरी कार्यालय, सिजुवामा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ८ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश जुद्दबहादुर आलेमगरको फागुन ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा फागुन ९ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८० फागुन ७ गते बलात्कार गरेको आरोपमा भारत विहार राज्य सुपौल ग्रामपञ्चायत कुशाहार-४ का २८ वर्षीय अनवर आलमविरुद्ध पीडित पक्षले फागुन ७ गते इलाका प्रहरी कार्यालय, रानीमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ७ गते विराटनगर महानगरपालिका-१६ मिल्स एरियाबाट गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत २ गते बलात्कार तथा मानव बेचबिखन शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश जुद्धबहादुर आलेमगरको चैत ४ गतेको इजलासले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। बालिकाको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा फागुन ८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**सुनसरी**

१६ वर्षीया बालिकालाई ०८० माघ २० गते बलात्कार गरेको आरोपमा भोक्राहा नरसिंह गाउँपालिका-२ का १९ वर्षीय सोहेल अन्सारीविरुद्ध पीडित पक्षले माघ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २३ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश सरोजराज खनालको फागुन २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पातल इनरुवामा माघ २१ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०८० पुस २९ गते बलात्कार गरेको आरोपमा बुढीग  ा गाउँपालिका-५ स्थायी घर सशस्त्र प्रहरी बल, रानीमा कार्यरत २८ वर्षीय जवान अरविन्द्र यादवविरुद्ध पीडित पक्षले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ८ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश सन्तोषप्रसाद पराजुलीको फागुन १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित युवतीको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ९ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८० पुस २१ गते बलात्कार गरेको आरोपमा इनरुवा नगरपालिका-९ बबियाका १९ वर्षीय आकाशकुमार खत्वेविरुद्ध पीडित पक्षले पुस २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ११ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश पुण्यप्रसाद सापकोटाको फागुन ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २१ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८० पुस २८ गते बलात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-१ का २० वर्षीय सुशान बजगाईविरुद्ध पीडित पक्षले पुस २८ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ३ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २६ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश उद्धवप्रसाद गजुरेलेको माघ २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८० पुस २१ गते बलात्कार गरेको आरोपमा दुहवी नगरपालिका-१ का २६ वर्षीय नित्यानन्द साहुविरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १० गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या**
**(जनवरी-मार्च २०२३)**

| | |
|---|---|
| बलात्कार | ३५ |
| घरेलु हिंसा | ७४ |
| बलात्कार प्रयास | ८ |
| 'बोक्सी'को आरोप | १ |
| जम्मा | ११८ |

गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उषा श्रेष्ठको फागुन ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २१ गते। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८० पुस १७ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले दुहवी नगरपालिका-७ का २१ वर्षीय विनित बुढाथोकीविरुद्ध पुस १८ गते इलाका प्रहरी कार्यालयमा दुहवीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उषा श्रेष्ठको माघ २९ गते आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस १८ गते। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८० पुस २२ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले हरिनगर गाउँपालिका-६ घुस्कीका २२ वर्षीय फैयाज अन्सारीविरुद्ध पुस २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २३ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको माघ २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २२ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८० माघ ३ गते बलात्कार गरेको आरोपमा देवानगञ्ज गाउँपालिका-४ देवानगञ्जका १९ वर्षीय रोहितकुमार मेहताविरुद्ध पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई चैत महिनाको अन्त्यसम्म गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी नवीनकृष्ण भण्डारीले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ३ गते भयो। हाल घटना अनुसन्धानमा छ।

१५ वर्षीया बालिकालाई ०८० माघ २२ गते बलात्कार गरेको आरोपमा धरान उपमहानगरपालिका-१४ का २७ वर्षीय रोशन कार्कीविरुद्ध पीडित पक्षले माघ २२ गते इलाका प्रहरी कार्यालय, धरानमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २३ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन २४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको फागुन २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा माघ २३ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०८० पुस २० गते बलात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-५ का ४२ वर्षीय सिंहवीर लिम्बूविरुद्ध पीडित पक्षले पुस २० गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २१ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुरेशराज खनालको माघ २४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, घोपामा पुस २१ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८० पुस २२ गते बलात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-

४ का २६ वर्षीय अशोक चौहानविरुद्ध पीडित पक्षले पुस २२ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २३ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयामार्फत जिल्ला अदालतमा माघ २२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश शम्भु गौतमको माघ २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान घोपामा पुस २३ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८० माघ १२ गते बलात्कार गरेको आरोपमा उदयपुर जिल्ला, त्रियुगा नगरपालिका-७ का ३१ वर्षीय किशोर राईविरुद्ध पीडित पक्षले माघ १२ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १३ गते इटहरी उपमहानगरपालिका-११ बाट गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश उषा श्रेष्ठको फागुन १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १२ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८० पुस २२ गते बलात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-९ का १९ वर्षीय अभिषेक लुईटेलविरुद्ध पीडित पक्षले माघ २ गते इलाका प्रहरी कार्यालय, इटहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन २४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश नगेन्द्रकुमार कालाखेतीको फागुन २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान घोपामा माघ २ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**उदयपुर**

पाँच वर्षीया बालिकालाई ०८० पुस २२ गते बलात्कार गरेको आरोपमा बेलका नगरपालिका-२ भागलपुरका १९ वर्षीय दीपन राईविरुद्ध पीडित पक्षले पुस २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २३ गते घरबाटै गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ १५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको माघ १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २३ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०८० पुस २५ गते बलात्कार गरेको आरोपमा चौदण्डीगढी नगरपालिका-७ बेल्टारका २२ वर्षीय पथरसिंह राईविरुद्ध पीडित पक्षले पुस २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २६ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ १८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको माघ १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २६ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

पाँच वर्षीया बालिकालाई ०८० माघ १८ गते बलात्कार गरेको आरोपमा चौदण्डीगढी नगरपालिका-३ सौरेली टोलका १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ २६ गते इलाका प्रहरी कार्यालय, बेल्टारमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २६ गते घरबाट गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको माघ फागुन १६ गतेको इजलासले आरोपितलाई बालसुधार गृह विराटनगर पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २६ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८० माघ १० गते बलात्कार प्रयास गरेको आरोपमा त्रियुगा नगरपालिका-१० बोक्सेका ३० वर्षीय ग ा बिकविरुद्ध पीडित पक्षले माघ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ११ गते घरबाट गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको फागुन ६ गतेको इजलासले १ लाख रुपियाँ धरौटी माग गर्‍यो। आरोपित फागुन ६ गते धरौटी बुझाएर रिहा भए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ११ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

दुई वर्षीया बालिकालाई ०८० फागुन ८ गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका-१२ पुरानो गाईघाटका २४ वर्षीय जगदिश भगतविरुद्ध पीडित पक्षले

फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ९ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत १ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको चैत २ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ९ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सात वर्षीया बालिकालाई ०८० फागुन १४ गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका-७ चुहाडेका २४ वर्षीय रविन राईविरुद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १५ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन ३० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको चैत १ गतेको इजलासले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १५ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

तीन वर्षीया बालिकालाई ०८० फागुन १५ गते बलात्कार गरेको आरोपमा १२ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १६ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको फागुन ३० गतेको इजलासले आरोपितलाई संरक्षकको जिम्मा लगाउने आदेश दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १६ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

११ वर्षीया बालिकालाई ०८० पुस २१ गते बलात्कार गरेको आरोपमा उदयपुरगढी-४ डुम्रेका शुक्रबहादुर मगरविरुद्ध पीडित पक्षले पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २३ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ १५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको माघ १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २२ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१३ वर्षीया बालिकालाई ०८० पुस २३ गते बलात्कार गरेको आरोपमा रौतामाई गाउँपालिका-५ पोखरीका २२ वर्षीय सुवास राईविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २५ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दुलालको माघ १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २४ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८० पुस १९ गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका-१० बोक्सेका २६ वर्षीय दीपककुमार बस्नेतविरुद्ध पीडित पक्षले पुस २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २० गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ १० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको माघ ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २० गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८० पुस २६ गते बलात्कार गरेको आरोपमा सिरहा, गोलबजार नगरपालिका-६ का २८ वर्षीय राजकुमार सुनुवारविरुद्ध पीडित पक्षले पुस २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २७ गते त्रियुगा नगरपालिका-४ बगाहाबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ १२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको माघ ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २६ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

११ वर्षीया बालिकालाई ०८० माघ २ गते बलात्कार गरेको आरोपमा उदयपुरगढी गाउँपालिका-७ नेपालटारका वर्षीय जीवश मगरविरुद्ध पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ३ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको माघ ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ३ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०८० माघ २७ गते बलात्कार गरेको आरोपमा कटारी नगरपालिका- १२

बसेरीका ४१ वर्षीय गौरबहादुर खत्रीविरुद्ध पीडित पक्षले माघ २८ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २८ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदातका न्यायाधीश हरिशचन्द्र ईङ्नामको फागुन २१ गतेको इजलासले आरोपितलाई पूर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण कटारी अस्पतालमा माघ २८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१४ वर्षीया बालिकालाई ०८० फागुन ३ गते बलात्कार गरेको आरोपमा बेलका नगरपालिका-७ मैनामैनीका बिलिईन्द्र विरुद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ४ गते घरबाटै गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको फागुन ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ४ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## महिलाविरुद्ध हुने सबै प्रकारका दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

### ओखलढुङ्गा

२४ वर्षीया महिलालाई ०८० माघ ९ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले सिद्धिचरण नगरपालिका-०८ सल्लेरीका ३४ बर्षीय मेघबहादुर परियारविरुद्ध जिल्ला प्रहरी कार्यालयमा ०८० माघ १० गते उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १० गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको फागुन १ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १० गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२२ वर्षीया महिलालाई ०८० माघ १७ गते बलात्कार गरेको आरोपमा चम्पादेवी गाउँपालिका-१ डाडसिरका १८ वर्षीय ओमबहादुर थापामगरविरुद्ध पीडित पक्षले फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ३ गते घरबाट गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको चैत १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२५ वर्षीया महिलालाई ०८० फागुन ४ गते बलात्कार गरेको आरोपमा सोलुखुम्बु जिल्ला, नेचासल्यान गाउँपालिका-१ सीमखर्क स्थायी घर भइ चिसंखुगढी गाउँपालिका-४ बस्दै आएका ३५ वर्षीय फिरलाक्पा शेर्पाविरुद्ध पीडित पक्षले फागुन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ५ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन २० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको फागुन २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ५ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

मनोसामाजिक समस्या भएकी ४५ वर्षीया महिलालाई ०८० फागुन २४ गते बलात्कार गरेको आरोपमा मोलुङ गाउँपालिका-६ का ३७ वर्षीय रूद्रबहादुर तामाङविरुद्ध पीडित पक्षले फागुन २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २५ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला चैत १८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको चैत १९ गतेको पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २५ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

### खोटाङ

२१ वर्षीया महिलालाई ०८० माघ ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले हलेसी तुवाचुङ नगरपालिका-५ का ४५ वर्षीय ससुराविरुद्ध माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १० गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २१ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्यो। चैत १८ गतेसम्म मुद्दामा कुनै आदेश भएन। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतलामा माघ १० गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२५ वर्षीया महिलालाई ०८० माघ ११ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले साकेला गाउँपालिका-२ का २३ वर्षीय उमेश चाहारविरुद्ध माघ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो।

आरोपितलाई प्रहरीले माघ १२ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २२ यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्यो। चैत १८ गतेसम्म मुद्दामा कुनै आदेश भएन। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतलामा माघ १२ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**भोजपुर**

२० वर्षीया महिलालाई ०८० पुस २२ गते बलात्कार गरेको आरोपमा हतुवागढी गाउँपालिका-२ रानीवासका ४५ वर्षीय भीमबहादुर तामाङविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपिलाई पुस २४ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको माघ १० को इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको श्रेस्तेदार मोहन घिमिरेले बताए। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २४ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

४४ वर्षीया महिलालाई ०८० पुस २४ गते बलात्कार गरेको आरोपमा १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा उजुरी दियो। प्रहरीले आरोपिलाई पुस २६ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ १० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको माघ १८ गतेको इजलासले आरोपितलाई बालसुधार गृह विराटनगर पठाएको श्रेस्तेदार मोहन घिमिरेले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २५ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१९ वर्षीया युवतीलाई ०८० माघ १५ गते बलात्कार गरेको आरोपमा षडानन्द नगरपालिका-८ का ५६ वर्षीय चुडाबहादुर कार्कीविरुद्ध पीडित पक्षले माघ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १६ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ १७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको माघ १७ गतेको इजलासले पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १६ गते भयो। मुद्दा कानुनी प्रक्रियामा छ।

१९ वर्षीया युवतीलाई ०८० माघ १३ गते बलात्कार गरेको आरोपमा षडानन्द नगरपालिका-४ खाटम्माका ५६ वर्षीय चुडाबहादुर कार्कीविरुद्ध पीडित पक्षले माघ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपिलाई प्रहरीले माघ १६ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २१ गते भयो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको फागुन १३ को इजलासले आरोपितलाई पुर्पक्षका लाथि थुनामा पठाएको श्रेस्तेदार मोहन घिमिरेले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२५ वर्षीया महिलालाई ०८० माघ ९ गते बलात्कार गरेको आरोपमा भोजपुर नगरपालिका-१२ टक्सारका ३३ वर्षीय बलबहादुर श्रेष्ठविरुद्ध पीडित पक्षले माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपिलाई प्रहरीले माघ २५ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन २० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको फागुन २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको श्रेस्तेदार मोहन घिमिरेले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२४ वर्षीया महिलालाई ०८० माघ २० गते यौनदुर्व्यवहार गरेको आरोपमा षडानन्द नगरपालिका-१ नेपालेडाँडाका ३४ वर्षीय दीपक माझीविरुद्ध पीडित पक्षले फागुन १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १५ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको फागुन १६ गतेको इजलासले १ लाख रुपियाँ धरौटी माग गर्‍यो। फागुन १६ गते आरोपित धरौटी बुझाएर रिहा भएको श्रेस्तेदार मोहन घिमिरेले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागनु ८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२५ वर्षीया महिलालाई ०८० पुस २६ गते यौनदुर्व्यवहार गरेको आरोपमा षडानन्द नगरपालिका-१

नेपालेडाँडाका ३५ वर्षीय राजेनद्र कार्कीविरुद्ध पीडित पक्षले माघ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २३ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १४ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको फागुन १५ गतेको इजलासले आरोपितसँग १ लाख ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित फागुन १५ गते धरौटी बुझाएर रिहा भएको श्रेस्तेदार मोहन घिमिरेले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**तेह्रथुम**

अपा ता भएकी ४५ वर्षीया महिलालाई ०८० माघ १३ गते बलात्कारको प्रयास गरेको आरोपमा छथर गाउँपालिका-२ का ६० वर्षीय कर्ण लिम्बूविरुद्ध पीडित पक्षले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १३ गते छथर गाँउपालिका-२ हर्म्जङ घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ६ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रमेश पोखरेलको फागुन ६ को इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १३ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२३ वर्षीया महिलालाई ०८० चैत ४ गते बलात्कार प्रयास गरेको आरोपमा पीडितले म्याङलुङ नगरपालिका-५ का ३३ वर्षीय दिलकुमार थगुवाविरुद्ध चैत ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत ६ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत १८ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भीमबहादुर निरौलाको चैत १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत ६ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

४५ वर्षीया महिलालाई ०८० चैत ५ गते बलात्कार गरेको आरोपमा पीडितले म्याङलुङ नगरपालिका-१० सुसलिङका २३ वर्षीय नरेल लिम्बूविरुद्ध चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत १५ गते गिरफ्तार गऱ्यो। चैत १८ गतेसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १५ गते भयो।

१७ वर्षीया बालिकालाई ०८० चैत १५ गते बलात्कार गरेको आरोपमा म्याङलुङ नगरपालिका-१० का १९ वर्षीय भिमबहादुर विश्वकर्माविरुद्ध पीडित पक्षले चैत १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १८ गते गिरफ्तार गऱ्यो। चैत १८ गतेसम्म घटना अनुसन्धानमा रहेको जिल्ला प्रहरी कार्यालका इन्स्पेक्टर तेजप्रसाद भट्टराईले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १६ गते भयो।

**पाँचथर**

२० वर्षीया महिलालाई ०८० माघ १७ गते बलात्कार गरेको आरोपमा फाल्गुनन्द गाउँपालिका-४ का २३ वर्षीय विशाल चेम्जोङविरुद्ध पीडित पक्षले माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। उजुरीलगत्तै फरार भएका आरोपितलाई ०८० चैत १८ गतेसम्म गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर दिवस कुवरले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १७ गते भयो। हाल घटना अनुसन्धानमा छ।

२० वर्षीया महिलालाई ०८० माघ १७ गते बलात्कार गरेको आरोपमा फिदिम नगरपालिका-५ का २१ वर्षीय किरण राईविरुद्ध पीडित पक्षले माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १७ गते गिरफ्तार गऱ्यो। आरोपितलाई प्रहरीले फागुन १० गते जिल्ला अदालतमा बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधीश टिकेन्द्र दाहालको फागुन १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १७ गते भयो। मुद्दा हाल कानुनी प्रक्रियामा छ।

३० वर्षीया महिलालाई ०८० माघ १३ गते बलात्कार प्रयास गरेको आरोपमा हिलिहाङ गाउँपालिका-५ का ४६ वर्षीय नन्दकुमार पदालुङविरुद्ध पीडित पक्षले माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २२ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १३ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको फागुन १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। पीडितको

स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २२ गते भयो। मुद्दा हाल कानुनी प्रकृयामा छ।

**इलाम**

३५ वर्षीया महिलालाई ०८० फागुन ९ गते बलात्कार गरेको आरोपमा सूर्योदय नगरपालिका-१ का ३३ वर्षीय पेम्वा शेर्पाविरुद्ध पीडित पक्षले फागुन ९ गते इलाका प्रहरी कार्यालय, मानेभञ्याङमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १० गते गिरफ्तार गऱ्यो। ०८० चैत १८ गतेसम्म घटना अनुसन्धानमै रहेको प्रहरीले जनायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन १० गते भयो। हाल घटना अनुसन्धानमा छ।

**झापा**

३० वर्षीया महिलालाई ०८० पुस २५ गते बलात्कार गरेको आरोपमा दमक नगरपालिका-७ का ४० वर्षीय रामबहादुर विश्वकर्माविरुद्ध पीडित पक्षले पुस २९ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २९ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २९ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ २१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद पौडेलको माघ २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

५२ वर्षीया महिलालाई ०८० पुस २४ गते बलात्कार गरेको आरोपमा मेचीनगर नगरपालिका-१२ का ७२ वर्षीय धनबहादुर श्रेष्ठविरुद्ध पीडित पक्षले पुस २९ गते इलाका प्रहरी कार्यालय, धुलाबारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २९ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २९ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा माघ १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ईश्वरमणि ओझाको माघ २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको श्रेस्तेदार किरणकुमार सिंहले बताए।

४४ वर्षीया महिलालाई ०८० पुस १७ गते बलात्कार प्रयास गरेको आरोपमा कमल गाउँपालिका-५ का २१ वर्षीय सञ्जय धिमालविरुद्ध पीडित पक्षले पुस २१ गते इलाका प्रहरी कार्यालय, धुलाबारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २१ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २१ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा माघ ११ गते बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तेजबहादुर खड्काको माघ १२ गतेको इजलासले १ लाख १६ हजार रुपियाँ धरौटी माग गऱ्यो। आरोपित माघ १२ गते धरौटी बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२१ वर्षीया महिलालाई ०८० पुस १९ गते बलात्कार प्रयास गरेको आरोपमा मोर उर्लाबारी नगरपालिका-३ घर भई दमक नगरपालिका-७ का ३५ वर्षीय विकल मिश्रविरुद्ध पीडित पक्षले पुस २० गते इलाका प्रहरी कार्यालय, धुलाबारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २० घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २० गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा माघ १५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश नन्दीकेशर पोखरेलको माघ १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको श्रेस्तेदार किरणकुमार सिंहले बताए।

२५ वर्षीया महिलालाई ०८० माघ १ गते बलात्कार गरेको आरोपमा २५ वर्षीय सञ्जय धामीविरुद्ध पीडित पक्षले माघ २३ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २५ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २५ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन १५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तेजबहादुर खड्काको फागुन १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । हाल मुद्दा कानुनी प्रक्रियामा रहेको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए।

२० वर्षीया महिलालाई ०८० माघ २४ गते बलात्कार गरेको आरोपमा मेचीनगर नगरपालिका-८ का ५५ वर्षीय लोकबहादुर सार्कीविरुद्ध पीडित पक्षले माघ २५ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २५ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २५ गते मेची प्रादेशिक

अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा फागुन १८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश रामप्रसाद पौडेलको फागुन २० गतेको आदेशले पुर्पक्षका लागि थुनामा पठायो । हाल मुद्दा कानुनी प्रक्रियामा रहेको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए।

३४ वर्षीया महिलालाई ०८० पुस २१ गते बलात्कार गरेको आरोपमा मेचीनगर नगरपालिका-९ का २७ वर्षीय सुजन खड्काविरुद्ध पीडित पक्षले माघ ९ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ९ घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ९ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा फागुन ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नगेन्द्रकेशरी पोखरलेको फागुन ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२२ वर्षीया महिलालाई ०८० फागुन २२ गते बलात्कार गरेको आरोपमा गुल्मी जिल्ला, विशुखर्क गाउँपालिका-५ का ३० वर्षीय जीवन थापाविरुद्ध पीडित पक्षले फागुन २४ गते इलाका प्रहरी कार्यालय, काँकरभिट्टामा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २५ गते डेराबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २४ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा चैत १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको चैत २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३२ वर्षीया महिलालाई ०८० फागुन ७ गते बलात्कार गरेको आरोपमा ४५ वर्षीय पतिविरुद्ध पीडितले फागुन १० गते इलाका प्रहरी कार्यालय धुलाबारीमा दिइन्। प्रहरीले आरोपितलाई फागुन १० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १० गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा चैत १९ गते वैवाहिक बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ईश्वरमणि ओझाको चैत २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३८ वर्षीया महिलालाई ०८० फागुन ५ गते यौन दुर्व्यवहार गरेको आरोपमा मेचीनगर नगरपालिका-१४ का २४ वर्षीय कृष्ण राजवंशीविरुद्ध पीडित पक्षले फागुन ९ गते इलाका प्रहरी कार्यालय, झिलझिलेमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १० गते डेराबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ९ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा चैत १ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको चैत ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**मोरङ**

बौद्धिक अपा ता भएकी १९ वर्षीया युवतीलाई ०८० माघ ११ गते बलात्कार गरेको आरोपमा लेटाङ नगरपालिका-१ भोगटेनीका २७ वर्षीय कुलबहादुर विश्वकर्माविरुद्ध माघ ११ गते इलाका प्रहरी कार्यालय, वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ११ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको फागुन ६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा माघ १२ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२५ वर्षीया महिलालाई ०८० पुस २६ गते बलात्कार गरेको आरोपमा विराटनगर महानगरपालिका-४ का २९ वर्षीय उमेशनारायण माझीविरुद्ध पीडित पक्षले माघ ३ गते इलाका प्रहरी कार्यालय, पथरीमा उजुरी दियो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मोहन सुवेदीको माघ २६ गतेको इजलासले पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा माघ ३ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३५ वर्षीया महिलालाई ०८० माघ १४ गते बलात्कार गरेको आरोपमा र ेली नगरपालिका-९ का ४४ वर्षीय धनलाल राजवंशीविरुद्ध पीडित पक्षले माघ १५ गते इलाका प्रहरी कार्यालय, पथरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १५ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको फागुन ९ गते आदेशले

आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा माघ ८ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**सुनसरी**

२५ वर्षीया महिलालाई ०८० पुस १९ गते बलात्कार गरेको आरोपमा हरिनगर गाउँपालिका-४ का ३२ वर्षीय अरूणकुमार पालविरुद्ध पीडित पक्षले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस १९ गते भयो। यो महिनाको अन्त्यसम्म आरोपितलाई गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो। हाल घटना अनुसन्धानमा छ।

१८ वर्षीया युवतीलाई ०८० पुस १९ गते बलात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-७ का २६ वर्षीय महेश सदाविरुद्ध पीडित पक्षले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ४ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन २ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश विकास श्रेष्ठको फागुन ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस १९ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३० वर्षीया महिलालाई ०८० पुस २९ गते बलात्कार गरेको भन्दै मोरङ जिल्ला सुन्दरहरैंचा नगरपालिका-४ बलियाका ३५ वर्षीय निर्मल अधिकारीविरुद्ध पीडित पक्षले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन २४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश सन्तोषप्रसाद पराजुलीको फागुन २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २९ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२६ वर्षीया महिलालाई ०८० पुस २७ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले हरिनगर गाउँपालिका-२ रामनगर भुटाहाका २१ वर्षीय अनिल दास तत्माविरुद्ध पुस २८ गते इलाका प्रहरी कार्यालय दुहवीमा उजुरी दियो। यो महिनाको अन्त्यसम्म आरोपितलाई गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २८ गते भयो। हाल घटना अनुसन्धानमा छ।

२६ वर्षीया महिलालाई ०८० माघ १० गते बलात्कार गरेको आरोपमा हरिनगर गाउँपालिका-१ रामनगरभुटाहा ३३ वर्षीय अजि मियाँविरुद्ध पीडित पक्षले माघ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित पक्षको उजुरीलगत्तै फरार भएका आरोपितलाई चैत महिनाको अन्त्यसम्म गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी नविनकृष्ण भण्डारीले बताए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ११ गते भयो। हाल घटना अनुसन्धानमा छ।

**उदयपुर**

२० वर्षीया महिलालाई ०८० पुस २४ गते सामूहिक बलात्कार गरेको आरोपमा चौदण्डीगढी नगरपालिका-१ माडीवासका २३ वर्षीय उमेश मगर, २४ वर्षीय गणेश राई र २६ वर्षीय खड्ग मगरविरुद्ध पीडित पक्षले पुस २५ गते इलाका प्रहरी कार्यालय, बेल्टारमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २५ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ १८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको माघ १९ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २५ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

५१ वर्षीया महिलालाई ०८० पुस १८ गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका-१ आहाले गाउँका ४८ वर्षीय टिकाबहादर कटुवालविरुद्ध पीडित पक्षले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १९ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ ७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको माघ ८ गतेको इजलासले आरोपितसँग १ लाख रुपियाँ धरौटी माग गर्‍यो। आरोपित माघ ८ गते धरौटी बुझाएर रिहा भए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस १९ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

४५ वर्षीया महिलालाई ०८० पुस २९ गते बलात्कार गरेको आरोपमा कटारी नगरपालिका-८ गेरुडाडाका ४९ वर्षीय टङ्कबहादुर कार्कीविरुद्ध पीडित पक्षले माघ १ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ

२४ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको माघ २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण कटारी अस्पतालमा पुस २९ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२९ वर्षीया महिलालाई ०८० फागुन ५ गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका-८ रातमाटेका ३२ वर्षीय रविन राईविरुद्ध पीडित पक्षले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ९ गते घरबाट गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार खरेलको चैत ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ९ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२४ वर्षीया महिलालाई ०८० फागुन २६ गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका-९ रातपाटेका ४५ वर्षीय सीताराम बिकविरुद्ध पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २७ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत १७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको चैत १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २७ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२१ वर्षीया महिलालाई ०८० फागुन १९ गते बलात्कार गरेको आरोपमा रौतामाई गाउँपालिका-२ लाफागाउँका २७ वर्षीय भरत तामाङविरुद्ध पीडित पक्षले फागुन २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २१ गते गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत १३ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ईङ्नामको चैत १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २१ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## साइबर अपराध

### पाँचर

२१ वर्षीया महिलाले आफ्नो फेक आइडी बनाएर, अश्लिल फोटो भिडियो प्रयोग गरी चरित्रहत्या गर्नुका साथै यौन दुर्व्यवहार गरेको आरोपमा इलाम जिल्ला, इलाम नगरपालिका-४ का २४ वर्षीय सफल कार्कीविरुद्ध ०८० पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले पुस २३ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ १८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको माघ १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा हाल अनुसन्धानमा छ।

## अमानवीय व्यवहार

### मोरङ

५० वर्षीया महिलालाई 'बोक्सी'को आरोपमा ०८० फागुन ३ गते अभक्ष कोच्याएको र कुटपिट गरेको आरोपमा पीडितले बुढीगङ्गा गाउँपालिका-७ की ५० वर्षीया पारो माझीविरुद्ध फागुन ४ गते इलाका प्रहरी कार्यालय, वेलवारीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन ४ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन २४ गते बोक्सी आरोप शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको फागुन २७ गतेको इजलासले ५० हजार रुपियाँ धरौटी माग गर्‍यो। आरोपित फागुन २७ गते धरौटी बुझाएर रिहा भएको श्रेस्तेदार ओम सुवेदीले बताए। पीडितको उपचार कोशी अस्पतालमा फागुन ४ गते भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## परिवारजनबाट हत्या

### सङ्खुवासभा

सिलिचोङ गाउँपालिका स्थायी घर भइ खाँदबारी नगरपालिका-७ की २६ वर्षीया विना राईको २०८० फागुन १८ गते मादक पदार्थ सेवन गरी कुटपिट पछि हत्या गरेको आरोपमा प्रहरीले ३१ वर्षीय पति मङ्सिरे शेर्पा विरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित पक्षले आरोपितविरुद्ध ०८० फागुन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए लगत्तै शेर्पा फरार भएका थिए। आरोपितलाई फागुन २४ गते खाँदबारी नगरपालिका-७ स्थित वेलफर डाँडाबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर अशोक जवेगुले बताए। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत ४ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको चैत ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा

फागुन १९ गते भयो। पीडित पक्षले शव बुझी खाँदवारी नगरपालिका-११ मा सद्गत गरेको छ। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**ओखलढुङ्गा**

सिद्धिचरण नगरपालिका-५ विप्लाटेकी ३८ वर्षीया किमु शेर्पाको घरायसी विवादका क्रममा ०८० फागुन ११ गते कुटपिट गरी हत्या गरेको आरोपमा ४० वर्षीय पति काजी शेर्पाविरुद्ध पीडित पक्षले फागुन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १२ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा चैत ११ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको चैत १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। कुटपिटबाट घाइते किमुको उपचारका क्रममा फागुन १२ गते ओखलढुङ्गा सामुदायिक अस्पताल, सोब्रूमामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर विकास राईले बताए। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा फागुन १२ गते भयो। पीडित पक्षले फागुन १२ गते शव बुझी सिद्धिचरण नगरपालिका-५ मा लामा संस्कार अनुसार सद्गत गर्‍यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सिद्धिचरण नगरपालिका-२ निशंखेकी ३४ वर्षीया कमला सार्कीको घरायसी विवादका क्रममा ०८० फागुन २६ गते कुटपिट गरी हत्या गरेको आरोपमा ३६ वर्षीय पति ओमकुमार सार्कीविरुद्ध पीडित पक्षले फागुन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २६ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला चैत १५ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको चैत १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षमा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा फागुन २७ गते भयो। पीडित पक्षले फागुन २८ गते शव बुझी सिद्धिचरण नगरपालिका-२ मा हिन्दु संस्कार अनुसार सद्गत गर्‍यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**पाँचथर**

तुम्वेवा गाउँपालिका-५ की ३५ वर्षीया गोमा फियाकलाई घरायसी विवादका क्रममा ०८० पुस २६ गते खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा ३५ वर्षीय पति असफल कुरुम्बाङविरुद्ध पीडित पक्षले पुस २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २८ गते घर नजिकबाट गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा माघ २२ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको माघ २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा पुस २७ गते गरियो। सोही दिन पीडित पक्षले शव बुझी निजी निवासमा परम्परागत रुपमा सद्गत गर्‍यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**इलाम**

माङसेबुङ गाउँपालिका-२ पासाङकी ६२ वर्षीया हस्तश्वरी लिम्बुको घरायसी विवादका क्रममा ०८० माघ १२ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले ६१ वर्षीय पति बालधोज लिम्बूविरुद्ध माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घरायसी विवादका क्रममा आरोपितले ०८० माघ १२ गते कुटपिट गरी घाइते भएकी पीडितको झापाको विर्तासिटी अस्पतालमा माघ १४ गते उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर प्रकाश जबेगुले बताए। प्रहरीले आरोपितलाई माघ १५ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा माघ १६ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका दीपककुमार पोखरेलको माघ १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम मेची अस्पतालमा माघ १५ गते भयो। पीडित पक्षले माघ १५ गते शव बुझी माङसेबुङ गाउँपालिका-२ पासाङमा सद्गत गरेको गर्यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**झापा**

दमक नगरपालिका-७ की ३८ वर्षीया मनिला राईको घरायसी विवादका क्रममा ०८० माघ १७ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले इलाम मा सेबु गाँपालिका-३ स्थायी घर भई दमक नगरपालिका-७ का ३४ वर्षीय पति हर्कमान राईविरुद्ध पीडित पक्षले माघ १९ गते इलाका प्रहरी कार्यालय, दमकमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १८ डेराबाट गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम माघ १८ गते दमक अस्पताल दमकमा भयो। माघ १८ गते परिवारजनले शव बुझी स्थानीय रतुवा जंगलमा

सामाजिक परम्परा अनुसार दाहसंस्कार गरे। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा फागुन ११ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद पौडेलको माघ १२ गते आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

इलाम जिल्ला, माइ नगरपालिका-१ स्थायी घर भई विर्तामोड नगरपालिका-४ की ५० वर्षीया मायापुलामी मगरको आपसी विवादका क्रममा ०८० माघ ८ गते ढु  ाले हिर्काएर हत्या गरेको आरोपमा पीडित पक्षले विर्तामोड नगरपालिका-५ का ३४ वर्षीय चन्द्रप्रसाद प्रसाईविरुद्ध पीडित पक्षले माघ ९ गते इलाका प्रहरी कार्यालय, अनारमनीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ९ गते डेराबाट गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम माघ ९ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भयो। परिवारजनले शव बुझी इलाम माई नपा-१ माइखोलामा सामाजिक परम्परा अनुसार माघ १० गते दाहसंस्कार गरे। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा माघ १७ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश ईश्वरमणि ओझाको माघ १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा रहेको अदालतका श्रेस्तेदार किरणकुमार सिंहले बताए।

**मोरङ**

बेलवारी नगरपालिका-१ भेडाटोलकी ४५ वर्षीया गीता लिम्बूको घरायसी विवादका क्रममा ०८० चैत ७ गते खुकुरी प्रहार गरी हत्या गरेर ६० वर्षीय पति बमबहादुर लिम्बूले आत्महत्या गरेको प्रहरीले जनायो। घरायसी विवादका क्रममा पत्नीलाई खुकुरी प्रहार गरी हत्या गरेको र आफूले सोही हतियारले घाँटी रेटेर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रञ्जन दाहालले बताए। मृतकको शव कोशी अस्पतालमा चैत ७ गते पोष्टमार्टम गरी वेलवारी नगरपालिका-१ स्थितघाटमा अन्त्यष्टी गरियो।

**सुनसरी**

कोशी गाउँपालिका-५ की २६ वर्षीया मञ्जुकुमारी यादवको ०८० चैत २ गते कुटपिट गरेको आरोपमा पीडित पक्षले ६० वर्षीय ससुरालाई भनिने लक्ष्मी यादव र ५५ वर्षीया सासु फुदनीदेवी प्रसैला यादवविरुद्ध चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। गढीगाउँपालिका-५ सतैरझोडाका ५८ वर्षीय मृतकका काका योगेन्द्रप्रसाद यादवले भजितीको कुटपिट गरी हत्या भएको बताए। २५ वर्षीय छोरा प्रदीप यादवलाई ०७९ पुसमा विदेश पठाएपछि बुहारीलाई कुटपिट गरी हत्या गरेको पीडित पक्षको आरोप छ। बुहारीलाई करेण्ट लागेर मृत्यु भएको भनी प्रहरीमा झुटो विवरण दिएको पीडित पक्षको आरोप छ। शवको पोष्टमार्टम वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोपामा चैत ३ गते भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत १३ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश पुण्यप्रसाद सापकोटाको चैत १४ गतेको इजलासले जनही ५० हजार रुपियाँ धरौटी माग गर्‍यो। आरोपित चैत १४ गते धरौटी बुझाएर रिहा भएको अदालतका श्रेस्तेदार नारदप्रसाद भट्टराईले बताए। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार भौतिक संरचनामा क्षति

**मोरङ**

सुनसरीको दुहवी नगरपालिका-९ का २५ वर्षीय नगेनकुमार चौधरीलाई विराटनगर महानगरपालिका-३ स्थित वरगाछी चोकमा ०८० माघ २८ गते चौधरीलाई हिर्काएर मारेको भन्दै स्थानीयले वागमती प्रदेश ०३-००१ ख १४११ नम्बरको ट्रकमा आगजनी गरे। आगजनीका कारण ट्रक जलेर नष्ट हुँदा ३० लाख रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रञ्जनकुमार दाहालले बताए। यो महिनाको अन्त्यसम्म कोही कसैलाई गिरफ्तार गर्न नसकिएको प्रहरीले जनायो। घटना अनुसन्धानमा छ।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
**कोशी प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : सोमराज थापा, **संयोजन/सम्पादन** : पुण्यप्रसाद अधिकारी

बिराटनगर महानगरपालिका-११ जनपथटोल, मोरङ, फोन : ०२१-४७१०२५, ४७११२७, फ्याक्स : ०२१-४७१५२१
Email: biratnagar@insec.org.np, Website: www.inseconline.org